आज मिति २०७६।१२।२३ गतेका दिन यस नगरपालिका का नगर प्रमुख श्री केशब बहादुर चन्द ज्यूको अध्यक्षतामा राहत व्यवस्थापन गर्न तपशिलको उपस्थितीमा देहाय बमोजिमको निर्णय पारित गरियो।

तपशिल / उपस्थिती

| | |
|---|---|
| नगर प्रमुख- | श्री केशब बहादुर चन्द |
| नगर उप-प्रमुख- | श्री सरस्वती कोली |
| २नं. वडा अध्यक्ष | श्री महेन्द्र प्रसाद पन्त |
| ३ नं. वडा " | श्री फरेन्द्र सिंह बिष्ट |
| ४ नं. वडा " | श्री दिपक सिंह बिष्ट |
| ५ नं. वडा " | श्री फुनी बोहरा |
| ६ नं. वडा " | श्री राजेन्द्र सिंह बिष्ट |
| ७ नं. वडा " | श्री ललित ब. चन्द |
| ८ नं. " " | श्री पृथ्वीराज पन्त |
| ९ नं. " " | श्री लोक बहादुर भण्डारी |
| १० नं. " " | श्री देबिन्द्र कुँवर |
| प्रमुख प्रशासकिय अधिकृत | श्री कमल सिंह महरा |
| प्रहरी निरिक्षक | श्री धनदेव साँउद |
| ना.सु. | श्री विरेसिंह महता |
| रो.सं. | श्री महेश राज पन्त |

प्रस्तावहरु:

१. औषधि / सामग्री खरिद सम्बन्धमा।
२. क्वारेन्टाईन व्यवस्थापन सम्बन्धमा।
३. स्वास्थ्यकर्मी / कर्मचारीहरु लाई सेवा - सुबिधा सम्बन्धमा।
४. गाडी / इन्धन व्यवस्थापन सम्बन्धमा।
५. राहत सम्बन्धमा।
६. आर्थिक सहायता सम्बन्धमा
७. रकमान्तर सम्बन्धमा

निर्णयहरु :

निर्णय नं. १ माथि आवश्यक छलफल गर्दा कोरोना रोकथामका लागि अत्यावश्यक औषधी तथा PPE लगायतका सामग्री आवश्यक रहेकोले विपत व्यवस्थापन कोष बाट खरीद गर्ने निर्णय गरियो।

निर्णय नं. २ माथि आवश्यक छलफल गर्दा पारन नगरपालिका अन्तर्गत हाल संचालनमा रहेको क्वारेन्टाइनहरु लाई तपसिल बमोजिम व्यवस्थापन खर्च उपलब्ध गराउने निर्णय गरियो।

तपशिल:

१. क्वारेन्टाइनमा कपडा तथा मसलन्द व्यवस्थापन खर्च:- प्रति बेड रु २५०० (अक्षेरुपि रु पच्चिस सय)

२. क्वारेन्टाइनमा खटिने, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, जनप्रतिनिधि लाई
खाजा/खाना खर्च — ५०० (पाँच सय मात्र।) दैनिक
संचार खर्च — ५०० (पाँच सय मात्र।) एकमुष्ट

३. क्वारेन्टाइनमा बस्ने व्यक्तिलाई खाना खाजा बापत प्रति दिन रु ५०० (अक्षेरुपि रु पाँच सय मात्र।) उपलब्ध गराउने।

निर्णय नं. ३ माथि आवश्यक छलफल गर्दा विश्वमा महामारीको रुपमा फैलिईरहेको कोरोना भाइरसको रोकथाममा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, जनप्रतिनिधीहरु लाई तपसिल बमोजिम उपलब्ध गराउने मासिक जोखिम भत्ता निम्नानुसार उपलब्ध गराइने निर्णय गरियो

① क्वारेन्टाइन, Health Desk, Fever clinic र Emergency सेवामा खटिने स्वास्थ्यकर्मीलाई स्वास्थ्य संस्थाको सिफारिस आधारमा तलब स्केलको ६०% (साठि प्रतिशत) ले हुन आउने रकम जोखिम भत्ताको रुपमा उपलब्ध गराउने निर्णय गरियो।

② कोरोना रोकथाममा खटिएका महिला स्वास्थ्य स्वयंसेविकाहरु लाई एकमुष्ट रु २००० (दुई हजार।) का दरले उपलब्ध गराउने निर्णय गरियो।

③ कोरोना रोकथाममा खटिएका जनप्रतिनिधीहरुलाई वडाको सिफारिसको आधारमा प्रति दिन रु १५०० (पन्ध्र सय) का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

④ कोरोना रोकथाममा खटिएका अन्य कर्मचारीहरु लाई मासिक रुपमा तलबको ५०% (पचास प्रतिशत) जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो।

⑤ वडा तथा स्वास्थ्य संस्थाहरु लाई संचार खर्च एकमुष्ट रु १५०० (पन्ध्र सय।) का दरले उपलब्ध गराउने निर्णय गरियो।

(६) कोरोना रोकथामको लागि खटिएका सुरक्षाकर्मीहरु लाई इ.प्र.का को सिफारिसमा प्रतिदिन रु ५००/- (पाँच सय) का दरले खाजा । खाना खर्च उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ४ माथि आवश्यक छलफल गर्दा कोरोना भाइरस रोकथामका लागि पाल्पा नगरपालिका संग सवारी साधन नभएकोले इ.प्र.का पाल्पाका लागी से १ जा ८०१ नं जिप, प्रहरी चौकी खोइँपेको लागि म १ ज १८६ नं जिपको मडा तथा इन्धन लकडाउन अवधि सम्मका लागि विपत व्यवस्थापन कोषबाट उपलब्ध गराउने र नगरकार्यपालिकाको कार्यालयलाई समेत सवारी साधन आवश्यक रहेकोले प्रादेशिक भेटेरिनरी अस्पताल पशु सेवा विज्ञ केन्द्र पाल्पा, बैंकी लाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ५ माथि आवश्यक छलफल गर्दा पाल्पा न.पा. भित्र दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका अति विपन्न, असहाय परिवारहरु लाई वार्डबाट राहत सामग्री उपलब्ध गराउन "पाल्पा नगरपालिका राहत सामग्री वितरण सम्बन्धी कार्यविधी तथा मापदण्ड २०७६ पास गर्ने निर्णय गरियो। कार्यविधि अर्को पानामा टाँस गरिएको छ।

निर्णय नं. ६ माथि आवश्यक छलफल गर्दा नोवल कोरोना भाइरसको रोकथाममा खटिने स्वास्थ्यकर्मी, कर्मचारी, जनप्रतिनिधीहरुको सो भाइरसको संक्रमणबाट मृत्यु भएको खण्डमा रु १०,००,०००/- (दश लाख) निजको आश्रीत परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ७ माथि आवश्यक छलफल गर्दा कोरोना भाइरसको महामारी रोकथाम गर्ने बजेट आवश्यक भएकोले आकस्मिक तथा भैपरी कोष बाट रु २०,००,०००/- (बिस लाख) विपत व्यवस्थापन कोषमा रकमान्तर गरी सो कोष- बाट महामरी रोकथाम सम्बन्धी भएका खर्चहरु उपलब्ध गराउने निर्णय गरियो।

# स्थानीय राजपत्र

पाटन नगरपालिका द्वारा प्रकाशित

खण्ड :०२) चैत्र २३, २०७६ साल (अतिरिक्ताङ्क ८

पाटन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय पाटन , बैतडी

## राहत सामाग्री वितरण सम्बन्धी कार्यविधि, २०७६

# राहत सामाग्री वितरण सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना :** विश्व महामारीको रुपमा फैलिएको COVID-19 (कोरोना भाइरस) बाट नेपाल पनि प्रभावित हुन पुगेको छ। यस महा विपत्तिको संक्रमणबाट उत्पन्न खतारप्रति नागरिकहरुलाई सचेत गराउँदै यसबाट उन्मुक्ति पाउनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट हर सम्भव प्रयासहरु भइरहेका छन्। यस किसिमको महामारी फैलिएका विश्वका मुलुक सहित हाम्रो देश नेपाल पनि ११ चैत्र २०७६ देखि लकडाउनको अवस्थामा छ। यस विषम परिस्थितिमा दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका अति विपन्न र अशक्त परिवारहरुका लागि राहत वितरण गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी पाटन नगरपालिका नगरकार्यपालिकाले यो राहत वितरण सम्बन्धी कार्यविधि, २०७६ बनाई जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम **"राहत सामाग्री वितरण सम्बन्धी कार्यविधि, २०७६"** रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले **पाटन नगरपालिको** "राहत सामाग्री वितरण सम्बन्धी कार्यविधि, २०७६" सम्झनुपर्दछ।

(ख) "नगरपालिका" भन्नाले **पाटन नगरपालिका** सम्झनुपर्दछ।

(ग) "नगर कार्यपालिका" भन्नाले **पाटन नगरपालिका**को कार्यपालिका सम्झन पर्दछ।

(घ) "नगर प्रमुख" भन्नाले **पाटन नगरपालिका**को नगर प्रमुख सम्झनु पर्दछ।

(ङ) "उप प्रमुख" भन्नाले **पाटन नगरपालिको** उप प्रमुख सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले **पाटन नगरपालिको** प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(छ) "वडा कार्यालय" भन्नाले **पाटन नगरपालिको** वडा कार्यालयहरुलाई सम्झनु पर्दछ।

(ज) "टोल विपत व्यवस्थापन समिती" भन्नाले **पाटन नगरपालिका** द्वारा वडा मातहत गठन भएका टोल विकास संस्थालाई सम्झनु पर्दछ।

**३. उद्देश्य :**

यस कार्यविधिको उद्देश्य COVID-19 (कोरोना भाइरस) को नियन्त्रणका लागि **पाटन नगरपालिका** क्षेत्रभित्र दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका अति विपन्न र अशक्त परिवारहरुका लागि व्यवस्थित तवरले राहत वितरण गर्नु रहेको छ।

२

४. राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समिति :

(क) नगरपालिका तहमा राहत वितरण कार्यको समन्वय गर्न देहाय अनुसारको राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समिति रहने छ :

| | |
|---|---|
| (१) नगर प्रमुख | - अध्यक्ष |
| (२) नगर कार्यपालिकाले तोकेका ३ जना | - सदस्य |
| (३) स्थानिय उद्योग बाणिज्य संघ प्रतिनिधी १ जना | - सदस्य |
| (४) वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक | - सदस्य |
| (५) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य-सचिव |

५. राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समितिको काम, कर्तव्य र अधिकार :

(क) प्रभावित अति विपन्न र अशक्त परिवारको लगत वडा मार्फत संकलन गर्ने,

(ख) परिस्थिति र आवश्यकता अनुसारको राहतको मात्रा (package) तय गर्ने,

(ग) राहत सामाग्री वितरण एवं व्यवस्थापनको जिम्मेवारी तोक्ने,

(घ) राहत सामाग्री वितरण एवं व्यवस्थापनको अनुगमन गर्ने वा गराउने,

(ङ) राहत समाग्री वितरणका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने र

(च) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने

६. राहत संकलन तथा वितरण व्यवस्थापन :

(१) नगर स्तरका राहत सहयोग संकलन तथा वितरण कार्य नगर समन्वय समितिबाट सिफारिस भई कार्यपालिका बाट अनुमोदन बमोजिम हुनेछ ।

(२) वडा स्तरमा राहत संकलन तथा वितरणका लागि सम्वन्धित वडाको वडा अध्यक्षले संयोजन गर्ने गरी देहाय बमोजिम गरिनेछ :

देहाय :

(क) आफ्नो वडा भित्र रहेका दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका र लकडाउनका कारण दैनिक ज्यालादारीमा काम गर्न नपाएकाले दैनिक जीवनयापन गर्न कठिनाइ भएका घरपरिवारको विवरण टोल बिपत व्यवस्थापन समिती मार्फत अनुसूची-१ बमोजिमको निवेदन लिई संकलन गर्ने ।

(ख) टोल बिपत व्यवस्थापन समिती मार्फत प्राप्त विवरणलाइ एकिन गरी प्रमाणित गर्ने

(ग) अति अशक्त, अपाङ्ग, दृष्टिविहिन लगायत सामूहिक रुपमा आवास व्यवस्था मिलाई खानपिनको व्यवस्था गरेका संघ संस्थाहरु र तिनको हाल उक्त सेवा प्रदान गरिरहेका व्यक्तिहरुको विवरण संघ संस्था मार्फ लिने ।

(घ) सहयोग गर्न चाहने दाताहरुसँग समन्वय गर्ने र उनीहरुले सहयोग गर्न चाहेको नगद वा जिन्सी संकलन गर्ने र सो को परिमाण सहित विवरण राख्ने ।

(ङ) खण्ड (ख) बमोजिम वडा अध्यक्षले प्रमाणि गरेका दैनिक ज्यालादारीमा जीवन निर्वाह गरेका र हाल दैनिक गुजारा चलाउन कठिनाइ परी सहयोग चाहिने पाँच जना सम्मको परिवारलाई २० के.जी.चामल (प्रति व्यक्ति ४ के.जी. पर्ने गरी), ५ के.जी आँटा, २ के.जी दाल, १ लिटर खाने तेल र १ के.जी नुनको राहत प्याकेज वडा समिती मार्फत सम्बन्धित परिवारको घरमै पुऱ्याई अनुसूची २ बमोजिमको ढाँचामा भरपाइ गराइ बुझाउने व्यवस्था मिलाउने ।

(च) खण्ड (ग) बमोजिमका असहाय संघ संस्थामा सहयोग गर्नुपर्ने अवस्था भए वडा समितिले एकिन गरी प्रति व्यक्ति ३ के.जी का दरले चामल र प्रति दश जना बराबर ३ के.जी का दरले दाल र प्रति दश जना बराबर २ लि. का दरले खाने तेल उपलब्ध गराउने ।

(छ) वडा तहमा राहत संकलन तथा विवरण कार्यको समन्वय तथा सहजीकरण गर्ने कार्य विपद् व्यवस्थापन ऐन को दफा(६) बमोजिम गठित वडा स्तरीय विपद् व्यवस्थापन समितिको बैठक राखी प्रारम्भ गर्ने । राहत वितरण वडा अध्यक्ष वा नीजले तोकेको वडा सदस्य र सम्बन्धित टोल विपत व्यवस्थापन समिती अध्यक्ष वा पदाधिकारीको राहेबरमा गर्ने गरी व्यवस्था मिलाउने ।

(ज) राहत वितरणका लागि कम्तीमा एकजना सुरक्षाकर्मी सहित तीन जनाको टिम परिचालने गर्ने ।

(झ) राहत वितरणमा खटिनेले कम्तीमा १ मिटरको social distance सहित सुरक्षा सम्बन्धी आवश्यक सावधानी अपनाउने ।

(ञ) वितरण प्रणाली पूर्णत: भिडभाड रहित ढंगले व्यवस्थापन गर्ने ।

(ट) खण्ड(घ) बमोजिम संकलित राहत सहयोग (जिन्सी तथा नगद) ले वडामा राहत वितरण गर्दा अपुग भएमा र छिमेकी वडामा बचत भएको भएमा छिमेकी वडासँग समन्वय गरी अभिलेख राखी सहयोग लिने र आफूसँग बचत भएमा र छिमेकी वडालाई अपुग भएमा अभिलेख राखी छिमेकी वडालाई उपलब्ध गराउने ।

(ठ) सहयोग प्रदान गर्ने दाताहरुको विवरण तथा राहत सहयोग पाउने टोल समेत खुल्ने गरी परिवार वा संघ संस्थाको विवरण वडा सचिवले तयार गरी वडा अध्यक्षले प्रमाणित गरी एक प्रति वडामा राखी १ प्रति नगरपालिकामा पठाउने । राहत सहयोग गर्ने र राहत लिनेहरुको नामावली वडाले आ-आफ्नो वडामा सार्वजानिक गर्ने र नगरपालिकाबाट सबै वडाबाट वितरण भएको विवरण सार्वजानिक गर्ने ।

(ड) वडामा संकलित सहयोगले वडामा राहत वितरण गर्न अपुग भएमा अध्यक्षसँग समन्वय गरी आवश्यक व्यवस्थापन गर्ने ।

**७. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार तथा अन्य कुराहरु नगरपालिकाको प्रचलित कानुन अनुसार हुनेछन् ।**

**८. यो कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।**

**९. कोरोना भाइरसको महामारी अन्त्य भएपछि यो कार्यविधि स्वतः निष्कृय हुनेछ ।**

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश नेपाल २०७१

अनुसूची १
(कार्यविधिको दफा ६ को उपदफा(२) को खण्ड (क) बमोजिम)

मिति : २०७६...।...

श्रीमान् अध्यक्ष ज्यू,
........ नं.वडा कार्यालय पाटन , बैतडी ।

| सम्भव भएमा फोटो टाँस्ने |
|---|

विषय : राहत उपलब्ध गराइदिने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा म, श्री ........................................................ को छोरा/छोरी ........................ यस पाटन नगरपालिका बसोबास गरिरहेको छु ।म विगत........ वर्ष देखि............................ काम गर्दै आएको छु ।हाल विश्वका विभिन्न देशहरुमा द्रुत गतिमा फैलिरहेको नोभल कोरोना भाइरस (कोभिड-१९) महामारीको संक्रमणबाट बच्न, न्यूनिकरण गर्न र नगरपालिका क्षेत्रभित्र फैलिन नदिन नेपाल सरकार तथा पाटन नगरपालिकाको निर्णयानुसार लकडाउनको समयमा मेरो दैनिक ज्याला/मजदुरी ठप्प भएको र म लगायत मेरो ................ जना परिवारको दैनिक गुजाराका लागि खर्च जुटाउन मुस्किल परेकोले नियमानुसार राहत उपलब्ध गराइ दिनुहुन अनरोध गर्दछु ।

निवेदक श्री.............................................. ले पेश गरेको निवेदन अनुसारको व्यहोरा सही साँचो हो । उक्त परिवारको दैनिक खानपानका लागि आवश्यक नियमानुसारको राहत सामाग्री उपलब्ध गराइदिनुहुन सिफारिस साथ अनुरोध गर्दछु ।

हस्ताक्षर :............................
नाम थर :............................
पद :............................

निवेदक :
नाम थर :............................
हस्ताक्षर :............................
वडा नं. :............................
टोल :............................
पेशा :............................
परिचय खुल्ने कागज :............
सम्पर्क नं. :............................

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

अनुसूची
(कार्यविधिको दफा ६ को उपदफा(२) को खण्ड (ङ) बमोजिम)

# राहत सामाग्री बुझेको भरपाई

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणको रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारको मिति २०७६।१२।११ गते देखि लागू हुने गरी देश भर लकडाउन गर्ने गरी गरेको निर्णयका कारण दैनिक ज्यालादारी गरी परिवारको पालनपोषण गर्ने मैले ज्यालादारीको काम गर्न नपाएकोले मेरो परिवारको पालनपोषणका लागि पाटन नगरपालिकाले जारी गरेको कार्यविधि बमोजिम वडा समितिबाट उपलब्ध गराएको देहाय बमोजिम राहत सामाग्री बुझिलिई यो भरपाई गरिदिएँ ।

**राहत सामाग्री बुझ्नेको नाम थर :**
**लकडाउन अघि गर्ने गरेको काम :**
**स्थायी ठेगाना :**
**हाल बसोबास गरेको ठेगाना :**
**वडा नं. :**
**टोलको नाम :**

**बुझेको राहत सामाग्रीहरु :**

| | |
|---|---|
| चामल ........... के.जी | आँटा ............... के.जी |
| दाल ............... के.जी | खाने तेल.......... लिटर |
| नुन ................. के.जी | |

**रोहवर :**
**वडा अध्यक्ष वा वडा सदस्य : श्री.........................................**
**टोल बिकास समितिका अध्यक्ष वा सदस्य : श्री........................**
**राहत सामाग्री बुझ्नेको सहीछाप:**
**मिति :**

**आज्ञाले**
**कमल सिंह महरा**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणीकरण मिति : २०७६।१२।२३**

## असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्गतथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड , २०७६

कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थावाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि स्थानीय तहवाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषदकाट भएको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषण गरेको अवधिसम्मको लागि लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग" भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनु पर्छ।

(ख) "असहाय" भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वारा, चर्च वा वृद्धाश्रममा वस्ने व्यक्ति सम्झनु पर्छ।

(ग) "राहत" भन्नाले नेपाल सरकारवाट निर्णय भए बमोजिम सम्बन्धित स्थानीय तहले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनुपर्छ।

(घ) "स्थानीय तह" भन्नाले महानगरपालिक, उपमहानगरपालिका, नगरपालिका तथा गाँउपालिका सम्झनुपर्छ।

**३. अभिलेख राख्नु पर्ने :** (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यलयले अभिलेख तयार गर्नुपर्नेछ।

(क) पसल वाट ग्राहको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक ,

(ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने वाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने व्यक्ति,

(ग) ट्रक, टिपर, भ्यान वाट समान लोड अनलोड गर्ने श्रमिक ,

(घ) अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर

(ङ) आफ्नो नातेदार बाहेकका व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

(च) गिटी कुट्ने, वालुवा चाल्ने तथा ईंटा भट्टामा काम गर्ने मजदुर ,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

(ज) नाङलो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेला गाडा तथा साइकिलमा सामान बिक्री वितरण गरी गुजारा गर्ने तथा अनय व्यक्तिको पसलमा का मगर्ने मजदुर,

(झ) देहायका यातायत मजदुर :

१. अन्य व्यक्तिको माल वाहक सवारी तथा डेलीभरी भ्यान चलाउने सवारी चालक, सहचालक,
२. दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,
३. रिक्सा तथा ठेलागाडा चालक,
४. सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा कामगर्ने मिस्त्री तथा मजदुर ।

(ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैचा, बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा का मगर्ने मजदुर ।

(ट) स्थानीय तहमा दैनिक ज्यालादारीका काम गर्ने अन्य व्यक्ति ।

२. माथी जेसुकै लेखिएको भएता पनि नेपाल सरकार, गैर सरकारी संघ संस्था, बाट प्राप्त हुने कुनै पनि सेवा सुविधा नलिएका र निजको जिबिकोपार्जनका लागी अन्य कुनै आधार (खेत बारी समेत नभको) हकमा मात्रै यो कार्यविधिमा भएको लागु गरिने छ ।

४. **राहत वितरण गर्नु पर्ने** : दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिकको ढाँचामा विरवरण राखि दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नुपर्नेछ ।

५. **राहत सामाग्री :** (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहयाहरुलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरुप वितरण गरिने छ ।

(क) चामल २० किलोग्राम

(ख) दाल २ किलोग्राम

(ग) ५ के.जी आँटा,

(घ) नुन २ पाकेट

(ङ) खाने तेल १ लिटर

(२) यस मापदण्ड बमोजिक राहत वितरण कार्य एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ । साथै, परिवार संख्या कायम गर्दा दुई जना सम्म भए उपदफा (१) बमोजिमको राहत सामाग्री आधा र सोभन्दा बढी परिवार संख्या भए पुरै राहत सामाग्री वितरण गरिनेछ ।

(३) यस मापदण्डमा अनयत्र जुनसुकैकुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै बैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामागृी वितरण गरिने छैन ।

(४) यस मापदण्डमा अन्यत्र जुनससकै कुरा लेखिएको एकै परिवारको एकभन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

६. **वितरण गर्ने विधि :** (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछ ।

(क) राहत वितरणको लागि नगर पालिकाले सामागृी खरिद गरी सम्वन्धित वडा कार्यालय लाई वितरणका लागी राहत सामागृि पुर्याउने छ ।

(ख) सम्वन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समंस्याका कारणले वडा समितिवाट वितरण गर्न नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्ने :

१. स्थानीय तहले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्तावाट मूल्य सूची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपूर्तिकर्ता छनौट गर्ने ।
२. दफा ३ बमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने ।

७. **राहत वितरणको अभिलेख र प्रतिवेदन :** (१) सम्वन्धित वडाले वितरणको अनुसूची -२ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

(२) प्रत्येक स्थानीय तहले राहतको प्रतिवेदन अनुसूची ३ बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग र सङ्गीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) सङ्गीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

८. **कारवाही सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएको व्यक्तिले झुट्टा विवरण गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफासि गर्ने पदाधिकारी लाई समेत प्रचलित कानुन वमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीवाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले निजवाट असुल गर्नु पर्नेछ ।

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश नेपाल २०७१

अनुसूची १
(दफा ३ सँग सम्बन्धित)
अभिलेखको ढाँचा

राहत प्राप्त गर्ने व्यक्तिको विवरण :

१. नाम थर: २.बाबुको नाम: ३.बाजेको नाम:

४. स्थायी ठेगाना : ५.हालको ठेगाना :

६. टेलिफोन वा मोबाइल नम्बर (भएमा) :

७. दैनिक ज्यालादारीमा कार्यरत स्थान: ८.गर्ने कामको विवरण:

९.पेश गरेको कागजातको विवरण : (कम्तीमा कुनै एक कागजात संलग्न हुनुपर्ने)

क.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा,
ख.गरिब घर परिवार परिचयपत्रको प्रतिलिपी वा
ग.सवारी चालक अनुमतिपत्रको प्रतिलिपी वा
घ.अन्य

१० राहत लिने व्यक्तिको स्वःघोषणा :
म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन्। मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन। माथि पेश गरेको विवरण ठीक साँचो हो। व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

औंठाको छाप

निवेदक : दायाँ बायाँ
दस्तखत :
मिति :

सिफारिश गर्ने पदाधिकारी :

दस्तखत :
नाम: पद : स्थानीय तहको नाम :
मिति: वडा नं.

अनुसूची ४

(दफा ७ को उपदफा १ संग सम्बन्धित)

अभिलेखको ढाँचा

पाटन नगरपालिका

वडा नं. ....... कार्यालय

राहत वितरणको अभिलेख

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको

दस्तखत :

नाम थर :

टेलिफोन नं. :

अनुसुची ३

(दफा ७ को उपदफा २ संग सम्बन्धित)

.............................पालिका

प्रतिवेदनको ढाँचा

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निवेदन गर्नेको :

दस्तखत :

नाम थर :

टेलिफोन :

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश नेपाल २०७१